बैठक संख्या - ४

आज मिति २०७८ साल भाद्र महिनाको २८ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखे्रल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखे्रल ज्यू | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी ज्यू | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं (लेखा) ।

श्री पुनाराम शर्मा , अधिकृत छैठौं ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

मिति २०७९/०५/२८ गतेको गाउँकार्यपालिका बैठकका प्रस्तावहरू

**प्रस्ताब नम्बर १ :** हालसम्म गाउँकार्यपालिकाबाट भएगरेका निर्णयहरू र उक्त निर्णयको कार्यान्विय पक्ष सम्बन्धमा ।

**प्रस्ताब नम्बर २ :** गढवा गाउँपालिकाको आ.व. २०७९/०८० को विषेश सभाको तयारी सम्बन्धमा ।

**प्रस्ताब नम्बर ३ :** राजश्व र नविकरण गर्दा म्याद नाघि आएमा विलम्ब शुल्क लगाउने सम्बन्धमा ।

**प्रस्ताब नम्बर ४ :** गढवा गाउँपालिकाको प्राविधिक निर्माण सम्बन्धी स्थानीय दररेट सम्बन्धमा ।

**प्रस्ताब नम्बर ५ :** गढवा गाउँपालिकाको अस्पताल तथा स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन व्यवस्थापन कार्यविधि २०७९ सम्बन्धमा ।

**प्रस्ताब नम्बर ६ :** लमही आँखा अस्पतालसँग साझेदारीमा उज्यालो अभियान कार्यक्रमका लागि सम्झौता गर्ने सम्बन्धमा ।

**प्रस्ताब नम्बर ७ :** गढवा गाउँपालिका गाउँसभाको सचिबालय व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर ८ :** अबैध रूपमा नदि किनारमा र क्रसर तथा बालुवा प्रशोधन उद्योगको छेउछाउमा डम्पिङ गरि राखेको नदिजन्य पदार्थको राजश्व दाखिला गर्न दिएको हदम्याद सकिदा हालसम्म पनि राजश्व दाखिला नगरेको सम्बन्धमा ।

**प्रस्ताब नम्बर ९ :** कक्षा १ देखि १० सम्म निशूल्क शिक्षाको व्यवस्था गरेपश्चात विद्यालयको विविध खर्चका लागि अनुदान दिने सम्बन्धमा ।

**प्रस्ताब नम्बर १० :** नगर प्रहरी व्यवस्थापनका लागि आवश्यक ऐन तथा कार्यविधि सम्बन्धमा ।

**प्रस्ताब नम्बर ११ :** हालै महामारीको रूपमा फैलिदै गएको डेङ्गु रोग नियन्त्रण सम्बन्धमा ।

**प्रस्ताब नम्बर १२ :** गढवा गाउँपालिकामा भूमि सम्बन्धी कामकाज व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नम्बर १ :** प्रस्ताव नम्बर १ उपर छलफल गर्दा गढवा गाउँपालिका गाउँकार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकले गरेका विभिन्न निर्णयहरूको सन्दर्भमा उक्त निर्णयहरूको कार्यान्वियन पक्ष, चुनौतीहरू, सम्भावनाहरू सहित बृहत समिक्षा गरियो साथै आगामी दिनहरूमा निर्णय तथा त्यसको कार्यान्वियन पक्षमा अझै परिस्कृत गर्दै लाने निर्णय गरियो ।

**निर्णय नम्बर २ :** प्रस्ताव नम्बर २ उपर छलफल गर्दा गढवा गाउँपालिकाको आ.व. २०७९/०८० का लागि अघिल्लो गाउँकार्यपालिकाको बैठकबाट विशेष सभा मिति २०७९/०५/३१ गतेका दिन तय भएकोले आ.व. २०७८/०७९ मा खर्च हुन नसकेको अ.ल्या. रकम रू १३१६५७१६१।८ लाई तपशिल बमोजिम विनियोजन गरि आउंदो विशेष सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | विवरण | अनुमानित रकम | बाँकी मौज्दात |
|---|---|---|---|
| १ | गत आ.व.को अल्या रकम | | १३१६५७१६१।८ |
| २ | विनियोजन भईसकेको अल्या रकम | २०००००० | १११६५७१६१।८ |
| ३ | अपाङ्ग स्कुटर खरिद | ३००००० | १११३५७१६१।८ |
| ४ | परामर्श बजेट थप | २५००००० | १०८८५७१६१।८ |
| ५ | ट्रान्सफर्मर खरिद | ४००००० | १०८४५७१६१।८ |
| ६ | गाउँपालिका परिसरमा कम्पाउण्ड वाल, गार्ड रूम, क्यान्टिन, गार्डेन, सभाहल जाने बाटो | ५०००००० | १०३४५७१६१।८ |
| ८ | एमबुलेन्स संचालनमा अनुदान | ३८४०७५ | १०३०७३०८६।८ |
| ९ | मोटरसाईकल मर्मत र कोरोनाको खर्चको भुक्तानी बाँकी, वडा नं. ७ | ५४००० | १०३०१९०८६।८ |

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १२ | कर्मचारी जनप्रतिनिधि मैत्री खेलकुद कार्यक्रम | ३००००० | १०२७१९०८६।८ |
| १३ | गौशालामा थप रकम | १५००००० | १०१२१९०८६।८ |
| १४ | गढवाको ईमरजेन्सी वार्ड व्यवस्थापनमा थप रकम | ८००००० | १००४१९०८६।८ |
| १५ | बाईक मर्मतको ईमरान अटो पार्टको निवेदन | १७९१७० | १००२३९९१६।८ |
| १६ | प्रदेश समपुरकको पहिलो ठेक्का | ७४४३८४९ | ९२७९६०६७।७८ |
| १७ | प्रदेश समपुरकको दोस्रो ठेक्का | ३३२२१५९ | ८९४७३९०८।७८ |
| १८ | संघ समपुरकको ठेक्का | १८४६२८४७ | ७१०११०६१।७८ |
| १९ | गाउँपालिकामा ईन्टरकम जडान | ५००००० | ७०५११०६१।७८ |
| २० | फोहोरमैला व्यवस्थापनमा वडा नम्बर ६ मा थप रकम | १०००००० | ६९५११०६१।७८ |
| २१ | पदाधिकारी सुविधामा थप | १६४०००० | ६७८७१०६१।७८ |
| २२ | सवारी साधन खरिद, सर्पदंश उपचार केन्द्र | ३५००००० | ६४३७१०६१।७८ |
| २३ | शैक्षिक पूर्वाधार व्यवस्थपन कार्यक्रम | ७५००००० | ५६८७१०६१।७८ |
| २४ | स्वास्थ्य क्षेत्र सुधारका लागि जनशक्ति र उपकरण व्यवस्थापन | ५०००००० | ५१८७१०६१।७८ |
| २५ | प्रदेश विषेश अनुदान अर्न्तगत कृषि एमबुलेन्समा साझेदारी | १५००००० | ५०३७१०६१।७८ |
| २६ | देउखुरीका ४ पालिकाको साझेदारीमा संचालित लमही कोभिड अस्पतालको लागि अनुदान बाँकी | १६००००० | ४८७७१०६१।७८ |
| २७ | पुस्तकालय दिवशको कार्यक्रम खर्च | ५३००० | ४८७१८०६१।७८ |
| २८ | स्वास्थ्य शिविर संचालन | ५००००० | ४८२१८०६१।७८ |
| २९ | हिंसा प्रभावित महिला तथा किशोरीहरूका लागि सुरक्षित आश्रयस्थल/भवन निर्माण | १०००००० | ४७२१८०६१।७८ |
| ३० | सुनौला १००० दिनको महिला पोषण कार्यक्रम संचालन | ३००००० | ४६९१८०६१।७८ |
| ३१ | गढवा गाउँपालिका स्तरिय स्वीटर बुनाई कार्यक्रम | १००००० | ४६८१८०६१।७८ |
| ३२ | गढवा १ चिसापानीमा २ वटा कुवा निर्माण | २००००० | ४६६१८०६१।७८ |
| ३३ | गढवा ६ वनकट्टिमा निर्माण भएको मन्दिरमा मुर्ति | १००००० | ४६५१८०६१।७८ |
| ३४ | गढवा ५ मगहरमा निर्माण भएको मन्दिरमा मुर्ति | २००००० | ४६३१८०६१।७८ |
| ३५ | चेक नसाटिएको, कृषि उपकरण खरिदको भुक्तानी बाँकी | ५०३९९३ | ४५८१४०६८।७८ |
| ३६ | प्रत्येक वडामा ५० लाखका दरले योजना निर्माण | ४००००००० | ५८१४०६८।७८ |
| ३७ | गाउँपालिका स्तरिय कार्यक्रममा विनियोजन | ५८१४०६८।८ | ० |
| ३८ | सर्वोदय प्रा.वि. भवनको मर्मत सम्भार | | |

**निर्णय नम्बर ३ :** प्रस्ताब नम्बर ३ उपर छलफल गर्दा गढवा गाउँपालिकामा विभिन्न शीर्षकमा बुझाउनुपर्ने नविकरण शुल्क, महशुल, राजश्व आदि समयमा नबुझाउदा गाउँपालिकाको राजश्व संकलन कार्य व्यवस्थित हुन नसकेको तथा व्यवसाय संचालकहरूले नियमित रूपमा राजश्व दाखिला नगरेकोले विलम्ब शुल्क सम्बन्धी आवश्यक व्यवस्था गर्नका लागि आउँदो विशेष सभामा प्रस्ताब पेश गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ४ :** प्रस्ताब नम्बर ४ उपर छलफल गर्दा गढवा गाउँपालिकाको प्राविधिक शाखाबाट पेश भएको स्थानीय दररेट २०७९/०८० सर्वसम्मत्तिले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ५ :** प्रस्ताब नम्बर ५ उपर छलफल गर्दा गढवा गाउँपालिकाको सामाजिक विकास समितीबाट तयार भई कार्यपालिका बैठकमा पेश भएको गढवा गाउँपालिकाको अस्पताल तथा स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन व्यवस्थापन कार्यविधि २०७९ को मस्यौदा सबै कार्यपालिका सदस्यहरूलाई अध्ययनका लागि वितरण गर्ने र आउंदो गाउँकार्यपालिकाको बैठकमा सो सम्बन्धी आवश्यक छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ६ :** प्रस्ताब नम्बर ६ उपर छलफल गर्दा गढवा गाउँपालिकाको आ.व. २०७९/०८० का लागि विनियोजित वार्षिक योजना तथा कार्यक्रम अर्न्तगत लमही आँखा अस्पतालसँग साझेदारीमा उज्यालो अभियान अर्न्तगत निशुल्क आँखा उपचार कार्यक्रममा १५ लाख रूपैया विनियोजन भएकोमा उक्त कार्यक्रम कार्यान्वियनका लागि लमही आँखा अस्पतालसँग सम्झौता गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

**निर्णय नम्बर ७ :** प्रस्ताब नम्बर ७ उपर छलफल गर्दा गढवा गाउँपालिका गाउँसभाको तयारी, संचालन, अभिलेख व्यवस्थापन एव सभा सचालनका लागि आवश्यक सम्पूर्ण कामकाज गाउँकार्यपालिका भन्दा अलगै गर्नेगरि छुट्टै गाउँसभाको सचिवालय स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ८ :** प्रस्ताब नम्बर ८ उपर छलफल गर्दा अबैध रूपमा राप्ती नदि तथा अन्य खोलाहरूको किनारमा र कसर तथा बालुवा प्रशोधन उद्योगको छेउछाउमा डम्पिङ गरि राखेको नदिजन्य पदार्थको राजश्व दाखिला गर्न दिएको हदम्याद सकिदा हालसम्म पनि राजश्व दाखिला नगरेका व्यक्तिहरूको हकमा उक्त नदिजन्य पदार्थ जफत गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ९ :** प्रस्ताब नम्बर ९ उपर छलफल गर्दा गत आ.व. मा गाउँसभाको निर्णयबाट गढवा गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि कक्षा १० सम्म निशूल्क शिक्षाको व्यवस्था गरेपश्चात विद्यालयको विविध खर्चका लागि साह्रै समस्या आईरहेको भनि सामुदायिक विद्यालयको पटक पटक गुनासो आईरहेकोले उक्त विद्यालयहरूलाई संचालन तथा व्यवस्थापन का लागि आवश्यक रकम सम्बन्धीत विद्यालयलाई अनुदान दिनका लागि आवश्यक कार्यविधि तयार गर्ने र सो को लागि विधायन समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १० :** प्रस्ताब नम्बर १० उपर छलफल गर्दा गढवा गाउँपालिकाले सम्पादन गर्ने विभिन्न प्रकृतिका कामकाजमा नगर प्रहरीको आवश्यक्ता महसुस भएको साथै गढवा गाउँपालिकाको संगठन सर्वेक्षण प्रतिवेदन २०७७ मा समेत नगर प्रहरीको व्यवस्थापन गरिएकोले नगर प्रहरीको नियुक्ती, संचालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक पर्ने ऐन, नियम, कार्यविधि निर्माण गर्ने र उक्त ऐन, नियम, कार्यविधि निर्माणका लागि विधायन समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ११ :** प्रस्ताब नम्बर ११ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको आ.व. २०७९/०८० का लागि विनियोजित वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत प्रकोप तथा माहामारी शीर्षक अन्तर्गत १५ लाख रूपैया विनियोजन भएकोमा हाल डेङ्गु महामारीको रूपमा फैलिएकोले डेङ्गु नियन्त्रणका लागि माथि उल्लिखित शीर्षकमा विनियोजित बजेटबाट सरसफाई, सचेतनामुलक कार्यक्रमत तथा किट नासक विषादी छर्ने जस्ता कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १२ :** प्रस्ताब नम्बर १२ उपर छलफल गर्दा गढवा गाउँपालिकामा राष्ट्रिय भूमि आयोगको कार्यक्रम अन्तंगत कार्यक्रमका लागि एक जना अधिकृतस्तरको कर्मचारीलाई संयोजकको रुपमा तोक्नुपर्ने भएकोले यस गढवा गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री सन्जित पौडेललाई जिम्मेवारी तोकीएकोमा उक्त निर्णयलाई सर्मथन गर्ने साथै उक्त कार्य गर्नका लागि निजलाई कार्यालय समयमा अलवा विहान साँझ समेत कामकाज गर्नुपर्ने भएकोले निजलाई निजले खाईपाई आएको तलब सुविधाको ५० प्रतिशत हुनेगरी प्रोत्साहन स्वरुप निजलाई जिम्मेवारी तोकिएको मिति देखि लागु हुनेगरि कार्यक्रम अवधिभरसम्म मात्र लागु हुने गरि प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner